**स्थानीय राजपत्र**

**केराबारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ८, संख्या १९, १३ फाल्गुन २०८१**

**भाग २**

# केराबारी गाउंपालिकाको वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागिआपतकालिन कोष सञ्चालन निर्देशिका,२०८१

स्वीकृत मिति २०८१।११।१३ गते

**प्रस्तावना**

स्वदेश आगमनसंगै वैदेशिक रोजगारीबाट फिर्ता आएका व्यक्तिहरु तथा उनीहरुको परिवारको सदस्यहरुलाई आधारभूत आवश्यकताहरु जस्तैः गाँस,

वास, कपास, शिक्षा, स्वास्थ्य-शारीरिक र मानसिक,मनोवैज्ञानिक तथा मनोसामाजिक सहित विभिन्न समस्याहरु जस्तैःकानुनी सहयोग, उद्दार, जोखिम, हिंसा, भेदभाव र लान्छनाहरुबाट संरक्षण र उचित सम्बोधन गर्दैवैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारीबाट फर्केर आएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा सहायताको लागि नेपालको संबिधान २०७२ को भाग-३ अन्तर्गत मौलिक हकलाई सुनिस्चित गर्न गाउँपालिका मातहतमा रहने गरि एक आपतकालिन कोष स्थापना गरिनेछ ।

उक्त कोष व्यवस्थापन तथा परिचालनका लागि यो निर्देशिका तयार गरिएको हो ।

## भाग – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "केराबारी गाउँपालिकाको वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोष सञ्चालन निर्देशिका २०८१ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

क. “निर्देशिका” भन्नालेवैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोष सञ्चालन निर्देशिकालाई जनाउँछ ।

ख. "आप्रवासी" भन्नाले वैदेशिक रोजगारीमा गएका व्यक्ति वा समूहलाई जनाउँछ ।

ग. "वैदिशिक रोजगारीबाट फिर्ता आएको व्यक्ति" भन्नाले श्रम गर्नमलेशिया तथा खाडी मुलुक : कतार , यु.ए.ई., साउदीअरेविया, ओमान, बहराईन र कुवेत गई फिर्ता आएको व्यक्तिहरुलाई सम्झनु पर्छ ।

घ. "परिवार"भन्नाले वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारबाट फर्केर आएका कामदार आफैले पालन पोषण गर्नु पर्ने पति वा पत्नी, छोरा, छोरी वा आमाबाबु तथा सासु ससुरा समेतलाई जनाउँछ।

ङ. "आर्थिक सहायता "भन्नाले वैदेशिक रोजगारीमा गएका तथा फर्केर आएका व्यक्तिहरुको परिवारलाई स्वास्थ्य एवं आर्थिक सामाजिक समस्यामा पर्दा आपतकालीन कोषबाट प्रदान गरिने रकमलाई सम्झनु पर्दछ ।

च. "कोष" भन्नाले यस निर्देशिकाको भाग३ को दफा (३.१) बमोजिमको आपतकालिन कोष सम्झनु पर्दछ।

छ. "समिति"भन्नाले यस निर्देशिकाको भाग३ को दफा (३.१) बमोजिम कोष सञ्चालनसमितिलाई सम्झनु पर्दछ ।

ज. "अध्यक्ष"भन्नाले समितिका अध्यक्षलाई सम्झनु पर्दछ ।

झ. "सदस्य"भन्नाले भाग३ को दफा (३.१) बमोजिमको समितिका सदस्यहरुलाई सम्झनु पर्दछ।

ञ. "कार्यालय"भन्नाले केराबारी गाँउपालिकाकोकार्यालयलाई बुझाउँछ ।

ट. "स्थानीय तह"भन्नाले केराबारी गाउँपालिकालाई सम्झनु पर्छ।

## भागः- २

## लाभान्वित वर्गः-

२.१ वैदेशिक रोजगारीमा गएका वा गएर फर्केका तथा भाग नं. '१' को “ख, ग, घ” बमोजिमका परिवार यस कोषको लाभान्वित वर्ग हुनेछन् ।

## भागः- ३

## आपतकालिन कोष स्थापना, प्रयोग तथा सञ्चालन

### कोषको स्थापना तथा व्यवस्थापनः

३.१ वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारीबाट फर्केर आएका कामदार तथा नीजको सामाजिक सुरक्षार कल्याणको लागि गाउँपालिकाको निर्णय अनुसार पालिकाको मातहतमा रहने गरी एक आपतकालिन कोषको स्थापना गरिनेछ ।

गाँउपालिका अध्यक्षको अध्यक्षतामा निम्न बमोजिमको ३ सदस्यीय कोष सञ्चालन समितिको गठन हुनेछ।

अध्यक्ष- गाँउपालिका अध्यक्ष

सदस्य- प्रमुख प्रशासकीय अधिकृत

सदस्य सचिव- रोजगार संयोजक

आवश्यकता अनुसार तथा विषयको गम्भीरतालाई मध्यनजर गरी स्थानीय प्रहरी / प्रशासन, परियोजना सम्बन्धित व्यक्ति तथा विशेषज्ञ संस्थाको सहयोग लिन सकिनेछ ।

३.२ आपतकालीन कोषमा देहाय बमेजिमको रकम जम्मा गरिनेछः

(क)सम्भाव्य आप्रवासी तथा आप्रवासी कामदारहरुले देश, विदेशबाटसहयोग स्वरुप प्रदान गर्ने रकम तथा कल्याणको लागि जम्मा गर्ने रकम।

(ख) नेपाल सरकार तथा विषयगत निकायहरुबाट वार्षिक कार्यक्रम मार्फत उपलब्ध गराउने रकम

(ग) दातृ पक्षबाट उपलब्ध गराइएको रकम ।

(घ) गाँउपालिकाले विनियोजन गरेको रकम।

(ङ) सामुदायिक संघ संस्था तथा निजि क्षेत्रबाट प्राप्त भएको रकम।

(च) स्वदेशीवा विदेशी व्यक्ति वा निकायबाट प्राप्त अनुदान तथा सहयोग रकम ।

(छ) वैदेशिक रोजगारमा गएका व्यक्ति तथा निजको परिवार सदस्य, वैदेशिक रोजगारीबाट फर्किएको व्यक्ति, जान लागेको व्यक्ति लगायत इच्छुक व्यक्तिहरुले स्वेच्छिकरूपमा सहयोगस्वरूप प्रदान गरेको रकम।

(ज) अन्यश्रोतबाट प्राप्त रकमहरु ।

## ३.३ कोषको प्रयोग तथा संचालनः-

### कोषको प्रयोगः

वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोषको प्रयोग देहायको प्रयोजनका लागि गरिनेछ ।

(क) कामदारको अङ्ग-भङ्गभई, दीर्घरोगी भएका वा मृत्युका कारणबाट वा अन्य कारणबाट आर्थिक र सामाजिक लागतमा ह्रास भएको कामदार वा नीजको परिवारलाई तत्काल राहतका लागि सहयोग प्रदान गर्न ।

(ख) वैदेशिक रोजगारीको क्रममा ५ वर्ष वा सो भन्दा बढि सम्पर्क विहिन भएका वा मृत्यु भएका व्यक्ति र अङ्ग-भङ्गभई, आर्थिक अभावका कारण बच्चाहरु विद्यालय जान नसक्ने अवस्था भएका कामदारको सन्ततीलाई शैक्षिक निरन्तरताका लागि माध्यमिक स्तर सम्मको शिक्षामा सहयाता प्रदान गर्न ।

(ग) वैदेशिक रोजगारीको क्रममा वा त्यसको कारण मृत्यु भएको कामदारको अन्त्येष्टी वा दाह संस्कार गराउन तत्काल सहयोग गर्न।

(घ) वैदेशिक रोजगारीको क्रममा अलपत्र परी आर्थिक अभावका कारण समस्यामा परेको व्यक्तिलाई स्वदेश फर्काउन ।

(ङ) वैदेशिक रोजगारीबाट फर्केको आएको व्यक्ति तथा तिनका परिवारहरुलाई आवश्यक तत्काल उद्धार, खाद्य व्यवस्था, लत्ता कपडा,

पुनर्स्थापना केन्द्र वा safehouseसम्म यातायात सुबिधा, स्वास्थ्य (शारीरिक तथा मानसिक), मनोवैज्ञानिक र मनोसामाजिक परामर्श, उपचार र औषधि खर्च सम्बोधन गर्न प्रदान गरिनेछ।

माथि उल्लेखित बुँदाहरूले परिभाषित गरको (समेट्ने) व्यक्ति तथा लाभग्राहीहरुलाई घटनाको प्रकृति अनुसार समितिको निर्णयानुसार बढीमा रू २५,०००।—(पच्चीस हजार ) सम्म आर्थिक सहायता प्रदान गरिने छ।

कोषको सञ्चालनः

(क) दफा नं ३.१ बमोजिम गठन भएको कोष सञ्चालन समितिले कोषको सञ्चालन गर्नेछ ।

(ख) कोषको सञ्चालन तथा व्यवस्थापन गर्दा वैदेशिक रोजगारीमा देखिएको समस्याहरु जस्तैः मृतक परिवारलाई अन्त्येष्टिका लागि दिईने खर्च रकम, वैदिशिक रोजगारीवाट फिर्ता आएको व्यक्ति र आप्रवासीकामदारका वालवालिकाहरुका लागि शिक्षा, वैदिशिक रोजगारीवाट फिर्ता आएको व्यक्ति र आप्रवासी कामदारमा परिवारका लागि स्वास्थ्य उपचार एंव मनोसामाजिक उपचार आदि जस्ता खर्च शिर्षकहरुको व्यवस्थापनको लागि कोषको परिचालन गरिनेछ।

(ग) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(घ) कोषको आन्तरीक लेखा परिक्षण कोष तथा लेखा नियन्त्रक कार्यलयबाट र अन्तिम लेखा परिक्षणको कार्यलयबाट हुनेछ ।

## भागः- ४

## ४.कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः

४.१ वैदेशिक रोजगारीमा गएका वा फर्केका व्यक्ति वा निजका परिवारका लागि सहयोग गर्न कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)कोषमा प्राप्त हुन आएको रकमलाई समयमै जम्मा गरी सोको अभिलेख राख्ने ।

(ख)कोषमा रहेको रकम स्विकृत निर्देशिका अनुसार खर्च तथा व्यवस्थापन गर्ने ।

(ग)कोषको बार्षिक रुपमा लेखा परिक्षण गर्ने व्यवस्था मिलाउने र वित्तिय विवरण सहितको लेखा परिक्षण प्रतिवेदन सम्वद्ध निकाय र दातृ निकायलाई लेखा परिक्षण समाप्त भएको एक महिना भित्र पठाउने ।

(घ) कोषको रकम खर्च गर्दा पारदर्शिता कायम गर्ने ।

(ङ)कोषको दुरुपयोग हुननदिने ।

(च)कोषको बार्षिक योजना तर्जुमा र कार्यान्वयन गर्ने र कोषको पूर्ण उपयोगको (value of money) सुनिश्चितता गर्ने ।

(छ) कोषको नियमित प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरुमा पठाउने ।

(ज) लेखा परिक्षणबाट औंल्याइएका कैफियत तथा वेरुजुहरुलाई १५ दिनभित्र फस्यौंट गराउने व्यवस्था मिलाउने । यसरी लेखा परिक्षण गर्दा असुल उपर गर्न देखिएको रकमका हकमा नियम अनुसार असुल उपर गराउने ।

४.२ कोषको लेखा नेपाल सरकारको लेखा प्रणालीमा आधारीत रहेर प्रचलित ऐन, कानून अनुसार राखिनेछ । पालिका स्तरमा आ.ले.प भएको कारण

अनुगमन र जाँचबुझ सम्बन्धिको व्यवस्थाः

(क) यो निर्देशिकामा उल्लेखित व्यवस्था अनुसार भए-नभएको वा कुनै किसिमको अपारदर्शिता देखिएको सम्बन्धमा स्थानीय परियोजनाकार्यान्वयन समितिले अनुगमन गर्न सक्नेछन् ।

(ख) कुनै पनि किसिमको शंकास्पद काम भएमा वा भएको लागेमा वा दुरुपयोग भएमा विशेष अनुगमन समितिले हरेक दस्तावेजहरुको जाँचबुझ गर्न सक्नेछन ।

त्यसरी जाँचबुझ गर्दा कसुर ठहरिएका व्यक्ति वा समुह माथि नेपालको प्रचलित ऐन, कानुन बमोजिम दण्ड सजाय हुनेछ ।

आर्थिक सहायता माग गर्ने प्रक्रिया, निवदेनको ढाँचा, आवश्यक कागजातहरू सम्बन्धि व्यवस्था थप गर्नु पर्नेछ।

**आर्थिक सहायता माग गर्ने प्रक्रियाः**

क) एका घरको परिवार ( नाता खुल्ने गरि नाता-प्रमाणित ) आवश्यकता अनुसारयस निर्देशिकाको मापदण्ड बमोजिम कोषबाट आर्थिक सहयोग चाहने व्यक्तिले आर्थिक सहयोग पाउनुपर्ने मनासिबकारण खुलाई लिखित निवेदन सहित वैदेशिक रोजगारीसँग सम्बन्धित रहेका कागज पत्रहरु संकलन गरि वडाको सिफारिस सहित गाँउ कार्यपालिकाको कार्यालयमा पेश गर्नु गर्ने हुन्छ ।

ख) निवेदन, वडाको सिफारिस र वैदेशिक रोजगारीमा गएको प्रमाणित हुने कागजत वा सिफारिसको आधारमा आपतकालिन कोष व्यवस्थापन समितिले सेवाग्राहिको अवस्था हेरी आवश्यकता अनुरुप आर्थिक सहायताका लागि निर्णय गर्ने ।

आज्ञाले

जयराम श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत